अदालतले भर्ने:

दर्ता नं:

दर्ता मितिः

# श्री दोलखा जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ वमोजिम

## दायर गरेको

### अभियोग पत्र

आ. व. २०७८।७९ को नि. नं. २८

जिल्ला दोलखा भिमेश्वर नगरपालिका वडा नं. ५ बिसुनटोल बस्ने बर्ष ३० को सुजन श्रेष्ठको जाहेरीले
नेपाल सरकार............................................................................................................वादी

विरुद्ध

जिल्ला दोलखा साबिक भिमेश्वर नगरपालिका वडा नं.८ हाल परिवर्तित भिमेश्वर नगरपालिका वडा नं.५ सिरान माटी बस्ने बर्ष २६ को शिवशंकर कार्की ........................................................................ प्रतिवादी

मुद्दाः- ज्यान मार्ने उद्योग ।

**मुद्दाको संक्षिप्त तथ्य:**

१. **जाहेरी दरखास्त:**

मिति २०७८/०२/१६ गते दिउँसो अं.१५:५० बजेको समयमा जिल्ला दोलखा भिमेश्वर नगरपालिका वडा नं. ५ कान्ले पातलको जंगल, माटी स्थितमा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत पहिरो रोकथाम तथा नियन्त्रणको लागी ग्याबिन जाली भर्नका लागी स्काईभेटरले जग खन्ने काम गर्दै गर्दा अचानक ऐ.ऐ. बस्ने वर्ष २६ को शिवशंकर कार्की के कहाँबाट हातमा खुकुरी लिई आई मलाई बिनाकारण बिना गल्ती एक्कासी आई मेरो जिउ ज्यानमा खुकुरी प्रहार गरी रक्तमुछेल पारी घाईते बनाई उक्त स्थानबाट भागी फरार भएको भन्ने समेत व्यहोराको सुजन श्रेष्ठको जाहेरी दरखास्त ।

२. **घटनास्थल मुचुल्का:**

जिल्ला दोलखा भिमेश्वर नगरपालिका वडा नं. ५ कान्लेपातल, भट्यौली खोला माटी स्थित पुर्व-पश्चिममा सुनखानीडँडा (मिल घुम्ती) देखी महाँकाल जाने कच्ची सडक खण्ड, उत्तर, दक्षिणमा भट्यौली खोलाको पहिरो गएको खोला तथा भिर यति चार किल्ला भित्र अवस्थित रहेको स्थानमा हुण्डाईको २२० स्काईभेटर साईडमा रोकी रहेको अवस्थामा रहेको,

उक्त स्काभेटरको देब्रे साईडको लुकिङ ग्लास (सिसा) फुटेको अवस्थामा रहेको, घट्नास्थल नजिकै निलो रङ्गको डल्फिन कम्पनीको दाहिने तर्फको चप्पल एक वटा रहेको, सो घट्नास्थल भन्दा खोल्सामा स्काईभेटरले जग खनी ग्याबिन भरि रहेको अवस्थामा रहेको, सोही स्थानमा जिल्ला दोलखा भिमेश्वर नगरपालिका वडा नं. ५ बिसुनटोल बस्ने बर्ष ३० को सुजन श्रेष्ठलाई ऐ.ऐ. बस्ने प्रतिवादी शिव शंकर कार्कीले धारिलो हतियार खुकुरी बोकी आई सोही खुकुरीले गर्धनमा ताकी प्रहार गर्दा ढाड लगायत शरिरको अन्य भागमा समेत घाउचोट लागेको, कपडा समेत च्यातिएको, उक्त कपडा तथा घट्नास्थलमा फेला परेको चप्पल समेत प्रहरी टोलीले रितपुर्वक बरामद गरिएको घट्नास्थल रहेको स्थानको चार किल्ला सहितको बिबरण ठिक दुरूस्त छ ।

३. **<u>बुझिएका गोपी श्रेष्ठले गरेको घटना विवरण कागज:</u>**

उल्लेखित वारदात मिति र समयमा म घटनास्थलमा नै थिए । यस्तैमा अं. १५:३० बजेको समयमा जाली लगाउने कामदारहरु खाजा खानका लागी गएका थिए भने घटनास्थलमा म, जाहेरवाला, सुदीप श्रेष्ठ र एक जना दाई जाली लगाउने काम गर्दै थियौ । म भने उक्त स्थानमा पहिरो आईरहने भएकोले पहिरो जाने भित्तामा स्काईभेटरको बकेटले झर्न लागेको ढुंगा अड्याएर बसेको थिए । सोही क्रममा एक्कासी प्रतिवादी शिवशंकर कार्कि बुलेट मोटरसाईकलमा चढी आई सोही स्थानमा मोटरसाईकल लडाई दौडीदै आई खुकुरी जस्तो धारीलो हतियार निकाली निज जाहेरवालाको गर्धनमा ताकी प्रहार गर्दा निज जाहेरवालाले कहाँबाट थाहा पाई छलेकोमा जाहेरवालाको ढाडमा पर्यो । सो पश्चात जाहेरवाला आत्तिदै मैले चलाईरहेको स्काईभेटरतिर भाग्दै आउँदा मैले स्काईभेटरको ढोका खोलिदिएकोमा निज जाहेरवाला भित्र पसी चुकुल लगाई ज्यान जोगाउन सफल भएको हो । सो पश्चात पनि निज अत्यन्तै आवेशमा आई स्काईभेटरमा सोहि खुकुरी जस्तो धारीलो बस्तुले लगातार प्रहार गर्न थाले पश्चात बाहिर रहेका दाईहरुले गुहार मान्छे मार्न लाग्यो भनि चिच्याउँदा निज प्रतिवादी तलाई पख आज वचिस भनि आफुले लगाएको चप्पल समेत सोही स्थानमा नै छाडी भागी फरार भएको हो । उक्त घटनाको म प्रत्यक्षदर्शी हो । जाहेरवालाको शरीर हेर्दा निजले प्रहार गरेको खुकुरीबाट कपडा च्यातिएको, ढाड लगायत शरीरका अन्य भागमा सेमत घाउँचोट पटक लागी रक्तमुछेल भएको रहेछ । सो दिन निज प्रतिवादीले जाहेरवालाको ज्यानै मार्ने नियतले धारीलो हतियार लुकाई ल्याई कामदारहरु कोही नभएको मौका छोपी आक्रमण गरेका हुन । निज प्रतिवादी गाउँमा गुण्डागर्दी गर्ने, काम गर्न व्यवसायीहरुलाई अनेक डर धम्की दिदै हिड्ने ब्यक्ति हुन । निजहरु विच घटना वारदात पुर्व के कस्तो रिसइवी थियो, थिएन, त्यो मलाई थाहा भएन । निज प्रतिवादीले जाहेरवालाको ज्यानै मार्न नियतले अन्धधुन्ध खुकुरी प्रहार घाईते बनाएको हुनाले निजलाई प्रचलित कानुन वमोजिम कार्वाही गरी क्षतिपुर्ति समेत दिलाई भराई पाउँ । घटना वारदात सम्बन्धमा मेरो भएको सही साँचो व्यहोरा यति नै हो भनि गोपी श्रेष्ठले गरी दिएको घट्ना विवरण कागज ।

४. **<u>बुझिएका सुदिप श्रेष्ठले गरेको घटना विवरण कागज:</u>**

उल्लेखित वारदात मिति र समयमा म घटनास्थलमै थिए । उक्त स्थानमा पहिरो गईरहने भएकोले भु संरक्षण तथा जलाधार विकास कार्यालय र प्रधानमन्त्री युवा स्वरोजगार कार्यक्रम अन्तर्गत उक्त स्थानमा पहिरो रोकथामको लागी बजेट पारीत भै उपभोक्ता संरक्षण समिती मार्फत गर्ने गरी गत बैशाख १० गतेतिर समिती भएकोमा समितीको अध्यक्षका रुपमा म चुनिएर वारदात मितिकै. दिन देखि उक्त स्थानमा स्काईभेटर लगी तार जाली ( ग्याबिन वाल ) लाउनका लागी जग खन्ने काम भै रहेको थियो । उक्त स्थानमा म, जाहेरवाला, स्काईभेटर चालक लगायत अन्य कामदारहरु समेत आ- आफ्नो काम गरिरहेका थियौ ।अं. १५:३० बजेको समयमा जाली लगाउने कामदारहरु खाजा खानका लागी गएकोमा म, जाहेरवाला, स्काईभेटर चालक र कामदार मध्यका बुद्द श्रेष्ठ आफ्नो काम गर्दै थियौ । यस्तैमा एक्कासी प्रतिवादी शिवशंकर शिवशंकर कार्कि बुलेट मोटरसाईकलमाचढी आई सोही स्थानमा मोटरसाईकल लडाई दौडीदै आई आफुले लुकाई

ल्याएको खुकुरी जस्तो धारीलो हतियार निकाली निज जाहेरवाला भित्ता पट्टि फर्की काम गरिरहेका दाईसँग कुरा गरिरहेको अवस्थामा एकै चोटी गर्धनमा ताकी प्रहार गर्दा निज जाहेरवालाले कहाँबाट थाहा पाई छलेकोमा जाहेरवालाको ढाडमा पर्यो । सो पश्चात जाहेरवाला उक्त स्थानबाट भाग्न खोज्दा निजले पछि पछी लखेट्दै तलाई आज म नमारी छाड्दिन । मैले आज पेस्तोल ल्याउन पाईन, तलाई यही खुकुरीले आज सकाउँछु भन्दै अन्दधुन्द प्रहार गर्दै जाँदा निज जाहेरवाला स्काईभेटर भित्र पसी भित्रबाट चुकुल लगाई बसेकोमा निजले स्काईभेटरमा सोहि खुकुरी जस्तो धारीलो बस्तुले लगातार प्रहार गर्न थाले पश्चात हामीहरु तिन जना भै गुहार मान्छे मार्न लाग्यो भनि चिच्याउँदा निज प्रतिवादी तलाई पख आज वचिस भनि आफुले लगाएको चप्पल समेत सोही स्थानमा नै छाडी भागी फरार भएको हो । उक्त समयमा म घटनास्थलमै भएको कारण उक्त वारदातको प्रत्यक्षदर्शी हो ।पछी जाहेरवालाको शरीर हेर्दा निजले प्रहार गरेको खुकुरीबाट कपडा च्यातिएको, ढाड लगायतशरीरका अन्य भागमा सेमतघाउँचोट पटक लागी रक्तमुछेल भएको रहेछ । सो दिन निज प्रतिवादीले ज्यानै लिने मनसायले धारीलो हतियार हातमा लिई आई आक्रमण गरेको रहेछ । निज जाहेरवाला स्काईभेटरमा पसी आफ्नो ज्यान जोगाउन सफल भएको हो । निज प्रतिवादी गाउँमा गुण्डागर्दी गर्ने, काम गर्न व्यवसायीहरुलाई अनेक डर धम्की दिदै हिड्ने ब्यक्ति हुन । निजहरु विच घटना वारदात पुर्व के कस्तो रिसइवी थियो, थिएन त्यो मलाई थाहा भएन । घटना वारदात सम्बन्धमा मेरो भएको सही साँचो व्यहोरा यति नै हो भनि सुदिप श्रेष्ठले गरी दिएको घट्ना विवरण कागज ।

५. **<u>बुझिएका बुद्ध श्रेष्ठले गरेको घटना विवरण कागज:</u>**

उल्लेखित वारदात मिति र समयमा म घटनास्थलमा नै थिए । यस्तैमा अं. १५:३० बजेको समयमा जाली लगाउने अन्य कामदारहरु खाजा खानका लागी गएका थिए भने घटनास्थलमा म, जाहेरवाला, सुदीप श्रेष्ठ र गोपी श्रेष्ठ थियौ । म भने उक्त स्थानमा एउटा जाली भर्न काम सकाएर माथिको ढकन बान्ने काम गर्दै थिए । सोही क्रममा एक्कासी एक जना अपरिचित मान्छेतिव्र बेगमा मोटरसाईकल चढी आई सोही स्थानमा मोटरसाईकल पछारिएर दौडीदै आई खुकुरी जस्तो धारीलो हतियार निकाली निज जाहेरवालाको गर्धनमा ताकी प्रहार गर्दा निज जाहेरवालाले छलेकोमा जाहेरवालाको ढाडमा पर्यो । निजले ३ चोटी सम्म अन्धदुन्ध प्रहार गरेको मैले स्वयं देखेको हो । त्यतिखेर म आत्तिएर के गरौ के नगरौ भै रहेको थियो । सो पश्चात जाहेरवाला आत्तिदै स्काईभेटरतिर भाग्दै जाँदा निज प्रतिवादीले आज तलाई म नमारी छाड्दिन, मैले आज पेस्तोल ल्याउन पाईन तलाई आज यसैले सकाउँछु भन्दै पछि पछि लखेट्दै गएकोमा जाहेरवाला स्काईभेटर भित्र पसी चुकुल लगाई ज्यान जोगाउन सफल भएको हो । सो पश्चात पनि निजले स्काईभेटरमा सोहि खुकुरी जस्तो धारीलो बस्तुले लगातार प्रहार गर्न थाले पश्चात हामीहरु आत्तिएर ज्यानै लिन लाग्यो भनि वरिपरी गाउँका मानिसहरुलाई गुहार मान्छे मार्न लाग्यो भनि चिच्याउँदा निज प्रतिवादी तलाई पख आज वचिस भनि आफुले लगाएको चप्पल समेत सोही स्थानमा नै छाडी भागी फरार भएको हो । उक्त घटनाको म लगायतका व्यक्तिहरु प्रत्यक्षदर्शी हौ । प्रतिवादीले प्रहार गरेको खुकुरीबाट जाहेरवालाको कपडा च्यातिएको, ढाड लगायत शरीरका अन्य भागमा सेमत घाउँचोट पटक लागी रक्तमुछेल भएको रहेछ । सो दिन निज प्रतिवादीले जाहेरवालाको ज्यानै मार्ने नियतले धारीलो हतियार आफ्नो साथमा लुकाई छिपाई ल्याई आक्रमण गरेको हो । निजहरु विच घटना वारदात पुर्व के कस्तो रिसइवी थियो, थिएन, त्यो मलाई थाहा भएन । निज प्रतिवादीले जाहेरवालाको ज्यानै मार्न नियतले अन्धदुन्ध खुकुरी प्रहार घाईते बनाएको हुनाले निजलाई प्रचलित कानुन वमोजिम कार्वाही गरी क्षतिपुर्ति समेत दिलाई भराई पाउँ । घटना वारदात सम्बन्धमा मेरो भएको सही साँचो व्यहोरा यति नै हो भनि बुद्ध श्रेष्ठले गरी दिएको घट्ना विवरण कागज ।

६. **जाहेरवाला सुजन श्रेष्ठले गरेको घटना विवरण कागज:**

मिति २०७८/०२/१६ गते अं. १५:३० बजेको समयमा जाली लगाउने कामदारहरु खाजा खानका लागी गएकोमा म, सुदिप श्रेष्ठ, स्काईभेटर चालक र कामदार मध्यका बुद्द श्रेष्ठ आफ्नो काम गर्दै थियौ । सोही बखत प्रतिवादी शिब शंकर कार्की के कहाँबाट आई अचानक चक्कु निकाली प्रहार गर्न लाग्दा मैले छल्दा मेरो शरिरमा चोट लाग्यो सो पश्चात म नजिकै रहेको स्काभेटरमा चढेर बाच्न सफल भएको हो । निजले म स्काभेटरमा चढ्दा समेत मलाई मार्ने नियतले खुकुरी प्रहार गर्दा स्काभेटरको लुकिङ ग्लास समेत फुटेर क्षति भएको छ । उपचार पश्चात घाँउचोट सामान्य छ भने भित्र हड्डीमा पिडा महशुस भई रहेको छ सोही कारण हाल सम्म औषधी सेवन गरी रहेको छु । उपचार गर्दा लागेको सम्पुर्ण खर्च म आफैले बेहोरेको छु । मेरो उपचार गर्दा लागेको खर्च र क्षति भएको स्काभेटरको बिल पछि निबेदन साथ पेश गर्नेछु । निजले मलाई सो भन्दा पहिले समेत १५/१६ जना केटा लिई आई आक्रमण गरेर कुटपिट तथा बिना कारण पटक पटक ज्यान मार्ने उद्देश्यले आक्रमण गरेको हुँदा निजलाई कानुन बमोजिम हदै सम्मको कारवाही हुनुपर्छ भनि जाहेरवाला सुजन श्रेष्ठले गरी दिएको कागज ।

७. **घाईतेको घाउँजाँच केश फाराम:**

Patient condition is stable at the time of examination, injuries are simple and fresh and inflicted by sharp force. भन्ने व्यहोराको घाउँजाँच केश फारम रिपोर्ट ।

**अभियुक्त उपरको अभियोग:**

यसमा अनुसन्धाको सिलसिलामा हाल सम्म संकलित मिसिल कागजातहरु सुजन श्रेष्ठको जाहेरी दरखास्त, घट्नास्थल मुचुल्का, घाईते सुजन श्रेष्ठको घाउजाँच केश फारम रिपोर्ट, बुझिएका मानिसहरु गोपी श्रेष्ठ, सुदिप श्रेष्ठ र बुद्ध श्रेष्ठ समेतले गरी दिएको घट्ना विवरण कागज, प्रतिवादी शिबशंकर कार्की वारदात पश्चात हाल सम्म फरार रहेको भन्ने व्यहोराको प्रहरी संचार लगायतको आधार प्रमाणबाट मिति २०७८।०२।१६ गते दिनको अं. १५:३० बजेको समयमा जिल्ला दोलखा भिमेश्वर नगरपालिका वडा नं. ५ कान्ले स्थितमा जाहेरवाला सुजन श्रेष्ठलाई प्रतिवादी शिबशंकर कार्कीले बिना कारण ज्यान मार्ने नियतले खुकुरी प्रहार गरी घाईते बनाई ज्यान मार्ने उद्योग गरेको घटना पश्चात खुकुरी सहित फरार रहेको फोटोले समेत वारदात स-प्रमाण पुष्टी हुन आयो ।

अब, प्रतिबादी शिवशंकर कार्कीको संलग्नता सम्बन्धमा विश्लेषण गर्दा, मिति २०७८/०२/१६ गते दिउँसो अं.१५:५० बजेको समयमा जिल्ला दोलखा भिमेश्वर नगरपालिका वडा नं. ५ कान्ले पातलको जंगल, माटी स्थितमा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत पहिरो रोकथाम तथा नियन्त्रणको लागी ग्याबिन जाली भर्नका लागी स्काईभेटरले जग खन्ने काम गर्दै गर्दा अचानक ऐ.ऐ. बस्ने वर्ष २६ को शिवशंकर कार्की के कहाँबाट हातमा खुकुरी लिई आई मलाई बिनाकारण बिना गल्ती एक्कासी आई मेरो जिउ ज्यानमा खुकुरी प्रहार गरी रक्तमुछेल पारी घाईते बनाई उक्त स्थानबाट भागी फरार भएको भन्ने समेत व्यहोराको **जाहेरी दरखास्त** बाट उठान भएको प्रस्तुत मुद्धामा सुजन श्रेष्ठलाई प्रतिवादी शिव शंकर कार्कीले धारिलो हतियार खुकुरी बोकी आई सोही खुकुरीले गर्धनमा ताकी प्रहार गर्दा ढाड लगायत शरिरको अन्य भागमा समेत घाउचोट लागेको, कपडा समेत च्यातिएको, उक्त कपडा तथा घट्नास्थलमा फेला परेको चप्पल समेत प्रहरी टोलीले रितपुर्वक बरामद गरेको भन्ने व्यहोराको **घटनास्थल मुचुल्का** गरेको देखिन्छ । एक्कासी एक जना अपरिचित मान्छेतिव्र बेगमा मोटरसाईकल चढी आई सोही स्थानमा मोटरसाईकल पछारिएर दौडीदै आई खुकुरी जस्तो धारीलो हंतियार निकाली निज जाहेरवाला सुजन श्रेष्ठको गर्धनमा ताकी प्रहार गर्दा निज जाहेरवालाले छलेकोमा जाहेरवालाको ढाडमा पर्यो । प्रतिवादी शीवशंकर कार्कीले ३ चोटी सम्म अन्धदुन्ध प्रहार गरेको हो । सो पश्चात जाहेरवाला आत्तिदै स्काईभेटरतिर भाग्दै गर्दा प्रतिवादीले धारीलो हतियारले लगातार प्रहार गर्न थाले पश्चात

हामीहरु आत्तिएर ज्यानै लिन लाग्यो भनि वरिपरी गाउँका मानिसहरुलाई गुहार मागी, मान्छे मार्न लाग्यो भनि चिच्याउँदा निज प्रतिवादी शिवशंकर कार्कीले तलाई पख आज वचिस भनि आफुले लगाएको चप्पल समेत सोही स्थानमा नै छाडी भागी फरार भएको हो। प्रतिवादीले प्रहार गरेको खुकुरीबाट जाहेरवालाको कपडा च्यातिएको, ढाड लगायत शरीरका अन्य भागमा सेमत घाउँचोट पटक लागी रक्तमुछेल भएको थियो, प्रतिवादीले जाहेरवालाको ज्यानै मार्ने नियतले धारीलो हतियार आफ्नो साथमा लुकाई छिपाई ल्याई आक्रमण गरेको हो भन्ने सुदीप श्रेष्ठ समेतको **घटना विवरण कागज र** Patient condition is stable at the time of examination, injuries are simple and fresh and inflicted by sharp force. लेखिएको **घाईतेको घाँजाच केश फाराम** तथा निज प्रतिवादीले मलाई खुकुरी प्रहार गरेको हुन् भन्ने व्यहोराको **घाइतेको** कागज लगायतका मिसिल संलग्न प्रमाणहरुबाट मिति २०७८/०२/१६ गते दिउँसो अं.१५:५० बजेको समयमा प्रतिवादी शिवशंकर कार्कीले पीडित सुजन श्रेष्ठलाई ज्यान मार्ने नियतले धारिलो हतियार खुकुरी प्रहार गरी घाईते बनाएको पुष्टि भयो।

अतः प्रतिवादी शिवशंकर कार्की उपर परेको जाहेरवालाको किटानी जाहेरी दरखास्त, निज प्रतिवादीले सुजन श्रेष्ठलाई धारीलो हतियार (खुकुरी) ढाड लगायत शरीरको अन्य भागमा प्रहार गरेको हुन भन्ने मौकामा बुझीएका व्यक्तिहरुको कागज, Type of weapon:- sharp force लेखीएको पीडितको घाउजाँच केश फारम लगायतका मिसील संलग्न प्रमाणहरुबाट निज प्रतिवादी शिवशंकर कार्कीले पिडित सुजन श्रेष्ठलाई ज्यान मार्ने नियतले खुकुरी प्रहार गरी घाईते बनाएको सप्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादीले गरेको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसूर गरेको सप्रमाण पुष्टि हुन आयो।

**अभियुक्तलाई हुनपर्ने सजाय:**

प्रतिबादी शिवशंकर कार्कीलाई मुलुकी अपराध संहिता,२०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसूरमा सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिईएको छ।

साथै फरार प्रतिवादी शिवशंकर कार्की उपर म्याद जारी गराई पाउन अनुरोध छ।

**कसूरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपुर्ति भराई दिनु पर्ने भए क्षतिपुर्तिको माग दावी:**

मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम पीडित व्यक्तिलाई उपचारमा लाग्ने सम्पुर्ण खर्च प्रतिवादीबाट क्षतिपूर्ति स्वरुप भराई पाउन अनुरोध छ।

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन अनुरोध छ।

**सजाय कम वा सजायमा छुटको मागदावी र आधार:** ×

**अभियोग दावीसँग सम्बन्धित कानुनी व्यवस्था**

**मुलुकी अपराध संहिता, २०७४**

**दफा १८३. ज्यान मार्ने उद्योग गर्न नहुने:**

(१) कसैले कसैको ज्यान मार्ने नियतले त्यसको उद्योग गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दश वर्षसम्म कैद र एक लाख रुपैयासम्म जरिबाना हुनेछ।

**दफा १८६. क्षतिपूर्ति भराई दिनु पर्ने:**

यस परिच्छेद बमोजिम भएको कसूरबाट कसैको जिउ, ज्यान वा सम्पत्तिमा हानि, नोक्सानी वा क्षति भएमा कसूरदारबाट पीडित व्यक्ति र निज नभए निजको हकवालालाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

**अपराध पिडित संरक्षण ऐन,** २०७५ को दफा ४१ (१) मा कसूरदारले क्षतिपूर्ति शुल्क बापत देहाय बमोजिमको रकम कोषमा बुझाउनु पर्नेछ:-

क) एक वर्षभन्दा कम कैद सजाय भएमा दुई सय रुपैयाँ,
ख) एक वर्षदेखि दुई वर्षसम्म कैद सजाय भएमा चार सय रुपैयाँ,
ग) दुई वर्षभन्दा माथि तीन वर्षसम्म कैद सजाय भएमा छ सय रुपैयाँ,
घ) तीन वर्षभनन्दा माथि चार वर्षसम्म कैद सजाय भएमा आठ सय रुपैयाँ,
ङ) चार वर्षभन्दा माथि पाँच वर्षसम्म कैद सजाय भएमा एक हजार रुपैयाँ,
च) पाँच वर्षभन्दा माथि आठ वर्षसम्म कैद सजाय भएमा तेह्र सय रुपैयाँ,
छ) आठ वर्षभन्दा माथि बाह्र वर्षसम्म कैद सजाय भएमा अठार सय रुपैयाँ,
ज) बाह्र वर्षभन्दा माथि र जन्मकैद भन्दा मुनिसम्म कैद सजाय भएमा बाइस सय रुपैयाँ,
झ) जन्मकैद सजाय भएमा अठ्ठाईस सय रुपैयाँ,

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरु:**
**सबुद प्रमाण:**
**दसी प्रमाण तथा कसूरसँग सम्बन्धित प्रमाण लाग्ने चिज वस्तु:** ~~xxx~~ कुर्ता, टोपी र चप्पल
**गवाह: जाहेरवाला:** सुजन श्रेष्ठ ।
**घाइते।पीडित:** सुजन श्रेष्ठ ।
**बुझिएका मानिसहरु:**
**देख्ने।सुन्ने:** गोपी श्रेष्ठ, सुदिप श्रेष्ठ र बुद्ध श्रेष्ठ
**प्रस्तुत कागजपत्रहरु:**

१. मिति २०७८।०२।१६ गतेको घट्नास्थल मुचुल्का पाना ३ ।
२. मिति ऐ. १७ गतेको जाहेरी दरखास्त पाना २ ।
३. मिति ऐ. १७ गतेको घाउजाँच केश फारमको लागी लेखिएको पत्र पाना १ ।
४. मिति ऐ. १८ गतेको अनुसन्धान अधिकृत तोकिएको पत्र पाना १ ।
५. मिति ऐ. १८ गतेको अपराध अनुसन्धान अधिकृतको आचारसंहिता पाना १ ।
६. मिति ऐ. १८ गतेको प्रारम्भिक अनुसन्धान प्रतिवेदन पाना १ ।
७. मिति ऐ. १८ गतेको पक्राउ अनुमती सम्बन्धमा लेखिएको पत्र पाना १ ।
८. मिति ऐ. १८ गतेको प्रतिवादी पक्राउको लागी लेखिएको सि.नं. १५०८ को संचार पत्र पाना १ ।
९. मिति ऐ. १९ गतेको सुदिप श्रेष्ठ समेतले गरी दिएको कागज पाना ९ ।
१०. मिति ऐ. २० गतेको चरिकोट अस्पतालको पत्रसाथ प्राप्त घाउजाँच केश फारम पाना ३ ।
११. मिति २०७८।०४।२२ गतेको सि.नं. ३९९७ को प्रहरी संचार पाना १ ।
१२. मिति ऐ. २६ गतेको बिबरण माग गरिएको पत्र पाना २ ।
१३. मिति ऐ. २७ गतेको गौरीशङ्कर बहुमुखी क्याम्पसको च.नं. ३१ को पत्रसाथ प्राप्त कागजातहरू पाना ६ ।
१४. मिति ऐ. २७ गतेको भि. न.पा. ५ नं. वडा कार्यालयको च.नं. १४९ को पत्र साथ प्राप्त जन्मदर्ताको अभिलेख पाना १ ।
१५. मिति २०७८।०५।२१ गतेको सि.नं. ५३३५ को संचार पत्र पाना १ ।
१६. मिति २०७८।०६।०४ गतेको श्रेष्ता बिबरण माग गरिएको पत्र पाना १ ।
१७. मिति ऐ. १० गतेको मालपोत कार्यालय दोलखाको च.नं. १११८ को पत्रसाथ प्राप्त श्रेष्ता बिबरण पाना १ ।

१८. मिति २०७८।०७।२३ गतेको खटाई पठाईएको पत्र पाना १ ।
१९. मिति ऐ. २५ गतेको प्र.चौ. सातदोबाटोको प्रतिवादी फेला नपरेको सि.नं. ३८ को संचार पत्र पाना १ ।
२०. मिति २०७८/०८/०२ गतेको अनुसन्धान अधिकृत तोकिएको पत्र पाना १ ।
२१. मिति ऐ. ०२ गतेको अपराध अनुसन्धान अधिकृतको आचारसंहिता पाना १ ।
२२. मिति ऐ.०३ गतेको मानिस फेला नपरेको प्रतिबेदन पाना १ ।
२३. मिति ऐ.०५ गतेको जाहेरवाला सुजन श्रेष्ठको कागज पाना २ ।
२४. फोटो थान ६

**यसै अभियोगपत्रबाट कारवाही शुरु गर्न अदालतसमक्ष सादर अनुरोध गरिन्छ ।**

**कार्यालयको छापः**

**सरकारी वकीलकोः**
**दस्तखतः**
**नामः प्रकाश मरासिनी**
**दर्जाः जिल्ला न्यायाधिवक्ता**
**कार्यालयः जिल्ला सरकारी वकील कार्यालय, दोलखा**
**मितिः २०७८।०८।०९।१५**